सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतको विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको मिति २०७६ साल असोज १० गते शुक्रवार वेलुकी ८:०० बजे भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व प्रधान न्यायाधीश उपाध्यायको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। सर्वोच्च अदालतको न्यायाधीश र प्रधान न्यायाधीशको रुपमा लामो समयसम्म सेवारत रही उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यतालाई स्थापित गर्दै समग्र न्यायपालिकाको श्रीवृद्धिका लागि पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको छ । उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदान सदैव स्मरणीय रहिरहने छ। संवैधानिक एवम् देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दख्खल राख्ने निर्भिक, अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय उपाध्याय न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

सिराहा जिल्लामा वि.स.१९९४ मंसिर २० गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश उपाध्याय मिति २०२०।०६।२८ मा इलाका अदालतको न्यायाधीशको रूपमा डडेल्धुरा इलाका अदालतबाट न्याय सेवामा प्रवेश गरी मिति २०४८ साल भाद्र १८ गते सर्वोच्च अदालतको न्यायाधीश र मिति २०५६।०९।०२ मा प्रधान न्यायाधीशको पदमा नियुक्त हुनु भई मिति २०५९।०८।१९ मा सेवा निवृत्त हुनुभएको थियो।

पूर्व प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको दुःखद् निधन भएको शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने भनी सर्वोच्च अदालतको आज मिति २०७६।०६।११ मा बसेको आकस्मिक पूर्ण बैठकबाट निर्णय भएको व्यहोरा जानकारी गराइन्छ।

नृपध्वज निरौला
मुख्य रजिस्ट्रार
सर्वोच्च अदालत